# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।१४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु छोटेलाल चौधरीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दर्ता भएको प्रतिवादी दशरथ भण्डारीसमेत भएको भ्रष्टाचार मुद्दामा मतियार भई काम गर्ने छोटेलाल चौधरी र जनकराज बोहरालाई उक्त मुद्दाको अनुसन्धानको क्रममा सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजहरुले विशेष अदालत, काठमाडौं समक्ष वकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा गरिएको वयान व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको हुँदा **प्रतिवादीहरु छोटेलाल चौधरी र जनकराज बोहरा**ले मुख्य प्रतिवादीहरु दशरथ भण्डारी र टंकप्रसाद रिजालले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिम कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको पुष्टी भएको हुँदा निजहरु छोटेलाल चौधरी र जनकराज बोहरालाई मुख्य कसुरदारलाई हुने ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजायमा ऐ.ऐनको दफा २२ बमोजिम आधा सजाय हुन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीहरुलाई विशेष अदालतबाट वयान गर्दा कसुरमा इन्कारी रही बयान गरेको र कुनै लाभ स्वीकर गरेको वा मोलाहिजामा परेको नदेखिएको भन्ने आधारमा मिति २०८०।०९।२४ मा सफाई दिएको:

विशेष अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/१४ मा पुनरावेदन गरिएको छ ।

**<u>देहायः</u>**

क. शुक्लाफाँटा कृषि सहकारीले ट्याक्टर खरीद गर्न जनक बोहरा र छोटेलाल चौधरी संलग्न फर्मसँग कोटेशन माग गरेकोमा निजहरु समेतको मिलेमतोमा लागत अनुमानमा पुरा रकम बराबरको दिनेश मोटर्सको कोटेशन स्वीकृत गराउने मनसाय राखी दुवै जना प्रतिवादीहरुले दिनेश मोटर्सको भन्दा बढीको लागत अनुमान राखी कोटेशन पेश गरेको पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरुले लाभ स्वीकार गरेको वा मोलाहिजामा नपरेको भनी निजहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख. प्रतिवादीहरु कसुरमा इन्कार रही बयान गरेको भएतापनि निजहरुको इन्कारी बयानलाई अन्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन नसकेको।"अदालतमा इन्कारी हुनु मात्र निर्दोषिता ठहर हुने आधार बन्न सक्दैन"। भनी सम्मानीत सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको।प्रतिवादीहरुले अनुसन्धानको वयानको क्रममा "ट्याक्टर बिक्री गर्न शुक्लाफाँटा सहकारीलाई कुनै कोटेशन नदिएको" भनी लेखाई दिएकोमा अदालतमा आई वकपत्र गर्दा "आफूहरुले नै कोटेशन दिएको हो, अनुचित कार्य गरेको छैन" भनी इन्कार भएकोमा सबुद प्रमाण विनाको इन्कारी बयानको आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | छोटलाल चौधरी, जनकराज बोहरा, (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००८६ फैसला मिति २०८०।०९।२४ | गैर कानूनी लाभ हानी पुऱ्याउने नियतले काम गरी भ्रष्टाचार गरेको। | विशेष अदालत, काठमाडौंमा दर्ता भएको प्रतिवादी दशरथ भण्डारी समेत भएको भ्रष्टाचार (गैरकानुनी लाभ हानी पु-याउने मुद्दा नं. ०७८-CR-००९५) मुद्दामा मतियार भई काम गर्ने छोटेलाल चौधरी र जनकराज बोहरालाई उक्त मुद्दाको अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिएर प्रतिवादी नबनाई सरकारी साक्षीको रुपमा पेश गरिएकोमा निजहरुले विशेष अदालत, काठमाडौं समक्ष मिति २०७९/०५/३० गतेका दिन सरकारी साक्षीको रुपमा उपस्थित भई वकपत्र गर्दा आयोगबाट अनुसन्धानको क्रममा गरिएको वयानको व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको तथ्य पुष्टी हुन आएको र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ ले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोगको प्रतिकुल हुने गरी बयान दिएमा निज उपर पुनः मुद्दा दायर गर्न सकिने स्पष्ट व्यवस्था रहेको छ । तसर्थ यस आयोगबाट मिति २०७९।०२।०९ मा विशेष अदालत काठमाण्डौमा दायर भएको मु.नं. ०७८-CR-००९५ को मुद्दामा रहेको आधार प्रमाण र यस मुद्दाका विवेचित आधार/प्रमाणहरुवाट प्रतिवादीहरु छोटेलाल चौधरी र जनकराज बोहराले मुख्य प्रतिवादीहरु दशरथ भण्डारी र टंकप्रसाद रिजालले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिम कसूरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर | विशेष अदालतको फैसलाः-<br>प्रतिवादी छोटेलाल चौधरी समेतलाई आरोपदावीबाट सफाई दिने<br>विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिंदा लिएका आधारहरुः-<br>(क) प्रतिवादीहरु जनकरज वोहोरा र छोटेलाल चौधरीले अदालतमा वयान गर्दा कसूरमा इन्कारी रही बयान गरेको,<br>(ख) यी प्रतिवादीहरुले कुनै लाभ स्वीकर गरेको वा मोलाहिजामा परेको नदेखिएको। | (क) प्रतिवादी जनक वोहोराले अनुसन्धानमा बयान गर्दा कृषि सहकारीलाई मैले कुनै कोटेशन दिएको छैन, सहकारी अध्यक्ष दशरथ भण्डारी र वरिष्ठ कृषि अधिकृत टंकप्रसाद रिजाल दुवै जना मेरो फर्ममा आइ संस्थालाई फाइदा हुन्छ कोटेशन दिनुहोस् भनी कोटेशन मागेर लगेका हुन, कोटेशन दिए वापत दशरथ भण्डारीले मलाई केही रकम दिएको हो भनी आफु समेत गैर कानूनी लाभ हानीको कसूरमा मतियार रहेको तथ्य स्वीकार गरेको अवस्था छ।अर्का प्रतिवादी छोटेलाल चौधरीले समेत अनुसन्धानमा बयान गर्दा आफुले कुनै कोटेशन दिएको छैन भनी लेखाएको हुँदा यी दुवै जना प्रतिवादीहरु उपर कसूरको अनुसन्धानमा सहयोग गरेको भनी कसूरमा मागदावी नलिएकोमा अदालतमा आइ प्रतिकूल बकपत्र गरी प्रतिवादीहरुलाई सफाइ दिलाउने कोशिस गरेको स्पष्ट हुन आउँछ। शुक्लाफाँटा कृषि सहकारीले टयाक्टर खरीद गर्न यी दुवै प्रतिवादीहरु संलग्न फर्मसँग कोटेशन माग गरेकोमा प्रतिवादीहरु समेतको मिलेमतोमा लागत अनुमानमा उल्लेखित पूरा रकम बराबरको दिनेश मोटर्सको कोटेशन स्वीकृत गराउने मनसाय राखी यी दुवै जना प्रतिवादीहरुले दिनेश मोटर्सको भन्दा बढीको लागत अनुमान राखी कोटेशन पेश गरेबाट पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरुले लाभ स्वीकार गरेको वा मोलाहिजामा नपरेको भनी प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपुर्ण रहेको।<br>(ख) प्रतिवादीहरु कसूरमा इन्कार रही बयान गरेको भएतापनि निजहरुको इन्कारी बयानलाई अन्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको अवस्था छैन।"अदालतमा इन्कारी हुनु मात्र निर्दोषिता ठहर हुने आधार बन्न सक्दैन ।" भनी सम्मानीत सर्वोच्च अदालतबाट ने.का.प.२०६९ , अंक ८ नि.नं. ८८७८ मा सिद्दान्त प्रतिपादन भएको अवस्था छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरुले अनुसन्धानको वयानको क्रममा टयाक्टर बिक्री गर्न शुक्लाफाँटा सहकारीलाई कुनै कोटेशन नदिएको भनी लेखाई दिएकोमा अदालतमा आइ वकपत्र गर्दा आफूहरुले नै कोटेशन दिएको हो, अनुचित कार्य गरेको छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको पुष्टी भएको हुँदा निज प्रतिवादीहरु छोटेलाल चौधरी र जनकराज बोहरालाई मुख्य कसूरदार दशरथ भण्डारी समेतलाई हुने ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजायमा ऐ. ऐनको दफा २२ बमोजिम आधा सजाय हुन मागदावी लिई यस मुद्दालाई विशेष अदालतमा विचाराधिन मु.नं. ०७८-CR-००९५ मुद्दाको लगाउ रहने गरी पूरक आरोप पत्र दायर गरिएको | | भनी इन्कार भएकोमा सवुद प्रमाण विनाको इन्करी बयानको आधारमा प्रतिवादीहरुलाई सफाइ दिनेगरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको। |